# जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

## कोरोना भाइरस महामारीको समयमा संचालित गतिविधीको सारांश प्रतिवेदन (२०७८ फागुन)

चिनको वुहानबाट शुरु भएको कोरोना भाइरस (Covid 19) का विभिन्न भेरिएन्टहरुले विश्वभर रहेका मानवजातीलाई लागि अत्यन्त गंभीर असर गरेको छ । भाइरसको महामारीबाट यस वित्तीय संस्थामा आबद्ध कर्मचारी तथा समुदायमा हुनसक्ने जोखिम न्यूनिकरणका लागि जीवन विकास समाज र जीवन विकास लघुवित्त वित्तीय संस्थाद्धारा विभिन्न किसिमका सचेतना मुलक कार्यक्रमका साथै आवश्यकता बमोजिम विभिन्न किसिमको राहत प्रदान गरिएको छ । कोभिडको संक्रमण तथा त्यसको प्रभाव न्यूनिकरणका लागि संचालन भएका गतिविधिको संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

**क. सचेतना कार्यक्रम**

१. शाखा कार्यालय मार्फत संचालन गर्ने केन्द्र प्रमुख गोष्ठी, सिपमुलक तालिम, अन्तरक्रिया कार्यक्रम, पुनर्ताजगी तालिम तथा वित्तीय साक्षरता कार्यक्रमहरुमा कोरोना भाईरसका बारेमा चेतनामुलक शिक्षा प्रदान गरिएको छ ।

२. कर्मचारीहरुलाई मास्क, ग्लोब्स् तथा सेनिटाइजर प्रयोग गर्न तथा सामाजिक दुरी कायम गरी सेवा प्रदान गर्ने विधिका बारेमा जानकारी गरिएको छ ।

३. तत्कालिन समूह बैठकमा संचालन गर्दा बिशेष सतर्कता अपनाएर कार्य गरिएको छ ।

- हरेक समूह बैठक शुरु हुनु अघि कर्मचारी तथा सदस्यले अनिवार्य सावुन पानीले हात धुने ।
- बैठकको शुरुवातमा कोरोना भाइरस सम्बन्धी चेतनामुलक जानकारी प्रदान गर्ने ।
- समूह बैठक सकभर बन्द कोठा भित्र नगरी खुल्ला ठाउँमा गर्ने ।
- समूह बैंठक संचालन गर्दा सामाजिक दुरी कायम गर्ने ।

४. लकडाउनको समयमा समेत संस्थामा आबद्ध परिवारका सदस्यहरुलाई फोन सम्पर्क गरी कोरोना भाइरसका लक्षण तथा यसको संक्रमणबाट बच्न अपनाउनु पर्ने उपायहरुका बारे नियमित जानकारी गरिएको छ ।

**ख. राहत तथा सहयोग** : कोरोना भाइरसको संक्रमण र सो नियन्त्रणका लागि भएको लकडाउनका कारण संस्थामा आवद्ध सदस्य तथा विपन्न परिवारका निम्ती सिर्जना भएको खाद्य समस्या र जनताको सुरक्षाको लागि खटिएका सुरक्षाकर्मी तथा स्थानीय निकायलाई आवश्यक खाद्यान्न, पौष्टिक आहार तथा स्वास्थ्य सामाग्री प्रदान गरिएको छ । सहयोगको विवरण यस प्रकार रहेको छ :

१. **खाद्यान्न वितरण** : कोरोना माहामारी नियन्त्रणका लागि भएको लगातारको लकडाउनले दैनिक रोजगारी गरी जिवीका चलाउने विपन्न परिवारलाई दुई छाक खान समेत समस्या भएपछि प्रदेश सरकारसंगको समन्वयमा स्थानीय सरकारको साथमा प्रत्यक्ष रुपमा उपस्थित भई २०७६ चैत्र १६ देखि २३ गते सम्ममा ३० पालिकामा रहेका २२६५ विपन्न परिवारका लागि खाद्यान्न सहयोग गरी राहत प्रदान गरिएको छ ।

२. **खाद्यान्न हस्तान्तरण** : कोरोना माहामारीको प्रथम लहरमा स्थानिय सरकारले आफ्नै कोष खडा गरी विपन्न परिवारलाई खाद्यान्न सामाग्री वितरण गर्न शुरु गरेपछि प्रदेश १ का २८ वटा पालिकासंग समन्वय गरी करिव ९ हजार परीवारका लागि रु.३९ लाख ४५ हजारको खाद्यान्न सामाग्री तथा नगद हस्तान्तरण गरिएको छ ।

३. **पौष्टिक आहार तथा स्वास्थ्य सामाग्री वितरण** : संस्थामा आवद्ध सदस्य तथा गैर सदस्य ३६२७ जनालाई कोभिड संक्रमण भएको समयमा रु.४७ लाख २२ हजारको पौष्टीक आहार तथा सावधानीका लागि प्रयोग गर्ने स्वास्थ्य सामाग्री सहयोग गरिएको छ ।

४. **कोरोना प्रभावितलाई राहत प्रदान** : संस्थामा आवद्ध सदस्य वा निजको श्रीमान्/श्रीमतिको कोरोना संक्रमणबाट मृत्यु भई परेको प्रभाव न्यूनिकरणका लागि प्रति परिवार रु.५० हजारका दरले ६६ परिवारलाई रु.३३ लाख बराबरको राहत प्रदान गरिएको छ ।

५. PCR **ल्याव संचालनमा सहयोग** : सहारा नेपालको नेतृत्वमा संचालित एकका लागि एक अभियान अन्तर्गत कोरोना संक्रमण जांच गर्ने PCR जांच ल्याव संचालनका लागि रु.१ लाख प्रदान गरिएको छ ।

६. **सुरक्षाकर्मी तथा स्थानीय निकायलाई सहयोग** : संकटको घडीमा जनताको सुरक्षाको निम्ती अहोरात्र खटिएका सुरक्षाकर्मी तथा स्थानीय निकायलाई सेनिटाइजर, ग्लोब्स्, खाद्यान्न, पानी तथा साइकल जस्ता आवश्यक सामाग्री प्रदान गरिएको छ ।

७. **कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषमा सहयोग** : संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीको चैत्र महिनाको १ दिनको तलब रु.५,४०,९२८/- प्रदेश नं. १, मधेस प्रदेश र वागमती प्रदेशको कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषमा र संस्थागत सामाजिक उत्तरदायित्व कोष (CSR Fund) बाट रु.२,७२,३१६/- केन्द्रीय कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषमा जम्मा गरिएको छ ।

# सहयोगको तालिका

| क्र.सं | सहयोगको प्रकार | लाभान्वित संख्या | सहयोगी संस्था | | कुल रकम |
|---|---|---|---|---|---|
| | | | जीवन विकास समाज | जीवन विकास लघुवित्त वित्तीय संस्था लि. | |
| १ | खाद्यान्न वितरण | २,२७० | १०,२०,९००/- | ११,६९,५३१/- | २१,९०,४३१/- |
| २ | नगद तथा खाद्यान्न हस्तान्तरण | १०३२५ | ३०,१८,५६३/- | २०,७६,११३/- | ५०,९४,६७६/- |
| ३ | कारोना संक्रमित सदस्यको परिवारलाई पौष्टिक आहार तथा सावधानी सामाग्री वितरण | ३४९३ | | ४६,६९,७५०/- | ४६,६९,७५०/- |
| | कोरोना संक्रमित गैर सदस्यको परिवारलाई पौष्टिक आहार तथा सावधानी सामाग्री वितरण | १३४ | | ५३,०६५/- | ५३,०६५/- |
| ४ | कारोना प्रभावितलाई राहत प्रदान | ६६ | | ३३,००,०००/- | ३३,००,०००/- |
| ५ | PCR जांच ल्याव संचालनमा सहयोग | | | १,००,०००/- | १,००,०००/- |
| ६ | सुरक्षाकर्मी तथा स्थानीय निकायलाई सहयोग | | ५,९२१८३/- | ७,५८,५०५/- | १३,५०,६८८/- |
| ७ | कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषमा संस्थामा कार्यरत कर्मचारीको १ दिनको तलब जम्मा | | ९३,८१३/- | ४,४७,११५/- | ५,४०,९२८/- |
| | कारोना भाइरस नियन्त्रण तथा उपचार कोषमा संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम जम्मा | | | २,७२,३१६/- | २,७२,३१६/- |
| | | जम्मा | ४७,२५,४५९/- | १,२८,४६,३९५/- | १,७५,७१,८५४/- |